जल तथा मौसम विज्ञान विभागको तथ्यांक प्राप्तिको लागि अनलाईन प्रविधि (Connect IPS ) मार्फत राजश्व भुक्तानि गर्ने प्रकृया

१. सबै भन्दा पहिले तलको लिंक खोल्नुहोला
   https://rajaswa.fcgo.gov.np/#/auth/login
२. माथिको लिंक खोलिसकेपछि तल देखाईएको स्क्रिन खुल्नेछ जाँहा तपाईंले आफ्नो खाता खोल्नुपर्ने हुन्छ। यदि पहिलोपटक यो प्रविधि प्रयोग गर्दै हुनुहुन्छ भने *“नयाँ प्रयोगकर्ता दर्ता”* मा क्लिक गर्नुहोला। यदि आफ्नो खाता पहिलेनै छ भने बुँदा नं ७ मा जानुहोला।




३. त्यस पछि आउने स्क्रिनमा तल देखाईएझैं आफ्नो ईमेल ठेगाना ईन्ट्रि गरी पुन *“नयाँ प्रयोगकर्ता दर्ता”* मा थिच्नुहोला।



४. अब स्क्रिनमा देखिने टोकन नं लाई तल देखाईएको स्थानमा लेखि “टोकन प्रमाणित गर्नुहोस्” मा क्लिक गर्नु पर्नेछ।




५. अब तपाईंले तल देखाईएको झैं स्थानहरुमा आफ्नो विवरण प्रविष्ट गरी “Submit” बटनमा क्लिक गर्नुहोस।



६. अब देखिने स्क्रिनमा आफ्नो खाताको लागि पासवर्ड प्रविष्ट गर्नुपर्ने हुन्छ सोको लागि स्क्रिनको वायाँ पट्टि देखाईएको कुरालाई ध्यानमा राखि पास्वर्ड राख्नुहोस र "पासवर्ड सिर्जना गर्नुहोस्" मा क्लिक गर्नुहोस्।




७. पास्वर्ड सिर्जना गरिसकेपछि तल स्क्रिनमा देखाईएझै "ड्यासवोर्ड" मा क्लिक गरी आफ्नो प्रोभाईल मा जान सक्नुहुनेछ अन्यथा पुन बुँदा नं १ मा उल्लेख गरिएको लिंक खोलि आफ्नो प्रयोगकर्ता नाम र पासवर्ड ईन्ट्रि गर्नु पर्ने हुन्छ।






८. आफ्नो Username र Password प्रयोग गरिसकेपछि तल देखाईएको स्क्रिनमा गई नयाँ भौचर तयार गर्नुहोस्मा क्लिक गरी तल देखाईएको विवरणहरु प्रविष्ट गरी Next बटन थिच्नुहोला।




९. अब देखापर्ने स्क्रिनमा तलको झैं प्रदेशको हकमा बागमति छान्नुहो र राजस्व बुझाउनुपर्ने कार्यालय को हकमा “जल तथा मौसम विज्ञान विभाग” छान्नुहोस।



१०. अब देखिने स्क्रिनमा आफुले राजश्व भुक्तानि गर्न चाहेको आर्थिक वर्ष,लगायतका स्क्रिनको माथिल्लो भागमा देखिएका विवरणहरु ठिक भए नभएको एकिन गरे पश्चात तल्लो भागमा रहेको विवरणमा टेवुलमा वापत अन्तर्गतको खालि स्थानमा “अन्य” सेलेक्ट गर्नुहोला, शिर्षक विवरण अन्तर्गतको खालि स्थानमा “अन्यविक्रीबाट प्राप्त रकम [14213]” सेलेक्ट गर्नुहोला, विवरणमा “Data Price ” लेखि रकमको स्थानमा आफुले भुक्ततानि गर्नु पर्ने रकम उल्लेख गरी श्रोतमा करकट्टिको स्थान लाई खालिनै राखि “Next ” मा क्लिक गर्नुहोला।




११. अब देखिने तलको स्क्रिनमा आफुले भरेको विवरण ठिक रहे नरहेको एकिन गरि “भुक्तानी विकल्पहरु” अन्तर्गत रहेको Connect IPS लाई सेलेक्ट गरी रकम भुक्तानिको लागि क्लिक गर्नुहोस।



१२. अब भने तपाईले आफ्नो ConnectIPS मा रजिष्टर भएको खाता लागईन गरेपश्चात आफ्नो स्क्रिनमा स्वत देखा पर्ने तलको विवरणहरु हेरी ConnectIPS मा जोडिएको आफ्नो बैंक खातालाई छानेर “Submit ” बटनमा थिचेपछि तपाईको भुक्तानिको प्रकृया सम्पन्न भयो। भुक्तानि भए नभएको सुनिश्चित गर्न बुँदा नं १३ मा उल्लेख भएभमोजिम गर्नुपर्नेछ







१३. माथि उल्लेख गरे बमोजिम आफ्नो भुक्तानि गरिसकेपछि पुन राजश्व भुक्तानि सेवाको पोर्टलामा गएर आफ्नो खातामा लगाईन गरिसकेपछि ‘’रकम भुक्तानी भईसकेका भौचर’ मा क्लिक गर्दा तल स्क्रिनमा देखाईएको झैं तपाईले भुक्तानि गर्नुभएको राजश्चको विवरण देखिएमा उक्त विवरणलाई प्रिन्ट गर्नको लागि “कार्यहरु” मा देखिने प्रिन्ट बटनमा थिच्नुहोस र त्यसपछि देखापर्ने राजश्वको पुर्ण विवरणको स्क्रिनलाई प्रिन्ट गर्न स्कनुहुनेछ भने सोहि स्क्रिनको स्क्रिन सट गरेर यस विभागको तथ्यांक शाखाको ईमेल आईडि metdatadhm@gmail.com मा




आफ्नो पुर्ण विवरण सहित पठाई सोको जानकारी यस शाखामा गराउनु पर्नेछ।

१४ . तपईले पठाउनुभएको राजश्व भुक्तानिको माथि देखाईएको झैं भौचर यस शाखामा प्राप्त भैसकेपश्चात यस विभागको लेखा शाखा बाट सो रकम प्राप्त भएको सुनिश्चित भैसकेपछि तपाईको ईमलेमा तपाईंले माग गर्नुभए बमोजिमको तथ्यांक प्राप्त गर्न सक्नुहुनेछ।